सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान

आदेश

०८१-WO-००१६

मुद्दा:- उत्प्रेषण समेत।

उर्मिला काफ्ले ------------------------------------------------------१ निवेदक

विरुद्ध

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौं
समेत ----------------------------------------------------------१ प्रत्यर्थी

यसमा निवेदककको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सतिशराज मैनालीले गर्नु भएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र प्रत्यर्थी नं. १ र २ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. ३ का हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी प्रत्यर्थीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेस गर्नू ।

साथै निवेदकले अन्तरिम आदेश माग गरेको विषयमा विचार गर्दा प्रस्तुत निवेदन जिकिर एवं पेस भएका प्रमाण कागज र सरुवा, काज तथा कामकाज सम्बन्धी मापदण्ड, २०८१ समेतको सन्दर्भमा दुवै पक्षको जिकिर सुनी निवेदन माग बमोजिम अन्तरिम आदेश जारी हुने वा नहुने निष्कर्षमा पुग्न आवश्यक र उपयुक्त देखिंदा मिति २०८१।०४।२० गतेका दिन छलफल तोकी छलफलबाट अर्को आदेश नभएसम्म सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौं (स्थानीय तह कर्मचारी प्रशासन शाखा)को च.नं.१० मिति २०८१।०४।०३ को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को

Scanned with CamScanner

उपनियम २ (ख) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जनाउ प्रत्यर्थीहरुलाई दिई नियमानुसार पेस गर्नू।

न्यायाधीश

इति सम्वत् २०८१ साल साउन ०९ गते रोज ४ शुभम्------------------------।

Scanned with CamScanner